ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research (AMRJ)
Volume: 5 Issue: 1, Year 2026

# स्थानीय तहले पाठ्यपुस्तक निर्माणमा गरेको ढिलाइले बालबालिकाको सिकाइमा परेको प्रभाव

पहल सिं बोगटी [1*]

Pahal Sing Bogati[1*]

DOI: https://doi.org/10.3126/amrj.v5i1.98073

[1]Achham Multiple Campus Mangalsen, Achham, Nepal
[*]Corresponding Author, Email: basantbogati83@gmail.com
ORCID: https://orcid.org/0009-0003-3560-1383
*Article History: Received: Jan. 15, 2026, Revised: April 6, 2026, Accepted: July 9, 2026, Published: July 31, 2026*

## शोधसार

नेपालको संविधान (२०७२) ले स्थानीय तहलाई आधारभूत शिक्षाको एकल अधिकार प्रदान गरेसँगै स्थानीय पहिचान र आवश्यकतालाई समेट्न स्थानीय पाठ्यक्रमको अवधारणा ल्याइयो। यसै अनुरूप अछामको मंगलसेन नगरपालिकाले 'हाम्रो मंगलसेन' नामक स्थानीय पाठ्यक्रम लागू गरे तापनि सोही अनुरूपको पाठ्यपुस्तक मुद्रण र वितरणमा भएको चरम ढिलाइले विद्यालय तहमा गम्भीर शैक्षिक संकट निम्त्याएको छ। यस अध्ययनले पाठ्यपुस्तक निर्माणमा भएको ढिलाइले विद्यार्थीको सिकाइ प्रक्रिया, कक्षाकोठाको वातावरण र शिक्षकको मनोविज्ञानमा पारेको प्रभावको मूल्याङ्कन गर्ने उद्देश्य राखेको छ । मिश्रित अनुसन्धान ढाँचामा आधारित यस अध्ययनका लागि मंगलसेन नगरपालिकाका कुल ४९ विद्यालयमध्ये १५ विद्यालयलाई उद्देश्यमूलक नमूना छनोट मार्फत लिई १५ प्रधानाध्यापक, ३० शिक्षक र ६० विद्यार्थी तथा शिक्षा अधिकारीहरूलाई उत्तरदाताका रूपमा छानिएको थियो। तथ्याङ्क संकलनका लागि प्रश्नावली, अन्तर्वार्ता र समूह छलफलको प्रयोग गरियो । अध्ययनको निष्कर्षले मंगलसेनका विद्यालयहरूमा स्थानीय पाठ्यपुस्तकको भौतिक उपलब्धता शून्य प्रतिशत रहेको देखाएको छ। ८५% उत्तरदाताले विद्यार्थीमा विषयवस्तुप्रति गम्भीर अन्योल बढेको र ९०% ले आन्तरिक मूल्याङ्कन तथा परीक्षा सञ्चालनमा चरम सास्ती भोग्नुपरेको पुष्टि गरे। पाठ्यपुस्तक अभावले पाठ्यक्रम केवल प्रशासनिक दस्तावेजमा सीमित भएको, शिक्षकमा निराशा बढेको र विद्यार्थीको उपस्थिति दर (३५% पूर्ण सहमत, ४५% आंशिक सहमत) घटेको पाइयो। यस शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न तत्काल आपत्कालीन मुद्रण, डिजिटल वा अन्तरिम सामग्रीको व्यवस्था र नीतिगत तहमा 'पाठ्यक्रम-पाठ्यपुस्तक समान्तर निर्माण नीति' अवलम्बन गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

*मुख्य शब्दावली:* स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक अभाव, सिकाइ उपलब्धि, मंगलसेन नगरपालिका, विकेन्द्रीकृत शिक्षा ।

## विषयपरिचय

नेपालको संविधान (२०७२) को धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच र अनिवार्य तथा निःशुल्क शिक्षाको हक सुनिश्चित गरेको छ। संघीयताको कार्यान्वयनसँगै संविधानको अनुसूची ८ ले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको पूर्ण सञ्चालन, व्यवस्थापन र नियमनको एकल अधिकार प्रत्यायोजन गरेको छ। यसै संवैधानिक अधिकार अन्तर्गत स्थानीय आवश्यकता, मौलिकता, संस्कृति, भूगोल, रैथाने ज्ञान र पहिचानलाई रैथाने तहबाटै समेट्न स्थानीय पाठ्यक्रम निर्माण गर्ने नीतिगत मार्गप्रशस्त गरियो। राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) ले कक्षा १ देखि ८ सम्म १०० पूर्णाङ्क (४ पाठ्यघण्टा) को स्थानीय विषय अनिवार्य रूपमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । सुदूरपश्चिम प्रदेशको अछाम जिल्लामा अवस्थित मंगलसेन नगरपालिकाले यसै व्यवस्था अनुरुप 'हाम्रो मंगलसेन' नामको स्थानीय पाठ्यक्रम परिमार्जन र तर्जुमा गरी शैक्षिक सत्र २०८१ देखि लागू गरेको छ ।

तथापि, पाठ्यक्रमको नीतिगत स्वीकृति र निर्माणको चरण पार गरे पनि सोही अनुरूपको पाठ्यपुस्तक मुद्रण तथा वितरणमा भएको ढिलाइले वर्तमान समयमा ठूलो चुनौती र अन्योल सिर्जना गरेको छ। मंगलसेन नगरपालिका क्षेत्रभित्र जम्मा ४९ वटा विद्यालयहरू सञ्चालित छन्। नगरपालिकाले पाठ्यक्रम तर्जुमा गरे पनि विद्यालय तहमा समयमै भौतिक पाठ्यपुस्तक पुर्याउन नसक्दा शैक्षिक सत्रको लामो समय बितिसक्दा पनि पुस्तक उपलब्ध हुन सकेको छैन। पाठ्यपुस्तकको अभावमा शिक्षकहरूले कुन सामग्री पढाउने

भन्नेमा अन्योल छ भने विद्यार्थीहरू लिखित स्रोत र अभ्यास पुस्तिका बिना नै अध्ययन गर्न बाध्य छन्। स्थानीय तहको प्रशासनिक ढिलासुस्ती, बजेट विनियोजनमा अन्योल र विज्ञहरूको समन्वय अभावका कारण सिर्जना भएको यस समस्याले बालबालिकाको सिकाइ उपलब्धिमा गम्भीर र दीर्घकालीन नकारात्मक प्रभाव पारेको छ ।

### समस्याको कथन

नीति निर्माण हुनु र त्यसको व्यावहारिक कार्यान्वयन हुनु बीच ठूलो खाडल रहने गरेको नेपाली शिक्षा क्षेत्रको तीतो यथार्थ हो। मंगलसेन नगरपालिकाले 'हाम्रो मंगलसेन' पाठ्यक्रम त निर्माण गर्‍यो, तर विद्यालयमा पठनपाठनका लागि अनिवार्य साधन मानिने पाठ्यपुस्तक भने शून्य अवस्थामै रह्यो। सूचना प्रविधिको न्यून पहुँच भएको अछाम जस्तो भौगोलिक विकटतामा डिजिटल प्रति (एमँ) मात्र उपलब्ध गराएर कक्षाकोठाको सिकाइ सम्भव हुँदैन। लिखित सामग्रीको अभावमा शिक्षकहरू पूर्वतयारी बिना कक्षामा जानुपर्ने, विद्यार्थीमा स्वाध्ययनको बानी हराउने र परीक्षा तथा मूल्याङ्कन प्रणाली नै हचुवाको भरमा सञ्चालन हुनुपर्ने बाध्यता छ। स्थानीय तहको यो व्यवस्थापकीय कमजोरीले बालबालिकाको सिकाइको अधिकार कुण्ठित भएको छ र उनीहरूमा मनोवैज्ञानिक रूपमै स्थानीय विषयप्रति उपेक्षाभाव जागृत भएको छ। अतः पाठ्यक्रम बनेर पनि पाठ्यपुस्तक नबन्दा उत्पन्न शैक्षिक अन्योल र यसले सिकाइमा पारेको बहुआयामिक प्रभावलाई उजागर गर्नु आजको मुख्य समस्या हो ।

### अध्ययनका उद्देश्यहरू

यस अनुसन्धानका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१ मंगलसेन नगरपालिकामा 'हाम्रो मंगलसेन' पाठ्यपुस्तक निर्माण र वितरणमा भएको ढिलाइका मुख्य कारणहरू पहिचान गर्नु ।

२ पाठ्यपुस्तकको भौतिक अभावले विद्यार्थीहरूको सिकाइ प्रक्रिया, कक्षाकोठाको वातावरण र मनोविज्ञानमा पारेको प्रभावको पहिचान गर्नु ।

३ शैक्षिक क्षतिको न्यूनीकरण र प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार र शैक्षिक सरोकारवालाहरूलाई उपयुक्त व्यावहारिक तथा नीतिगत सुझावहरू प्रस्तुत गर्नु ।

### अध्ययनको महत्त्व

यस अध्ययनले स्थानीय सरकार (मंगलसेन नगरपालिका), नगर शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूलाई स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका व्यावहारिक जटिलता बुझ्न ठोस प्रमाणहरू प्रदान गर्नेछ। यसले नीति निर्माण र कार्यान्वयनबीचको खाडललाई कम गर्न र आगामी दिनमा समयमै पाठ्यसामग्री व्यवस्थापन गर्न मार्गनिर्देश गर्नेछ। साथै, विकेन्द्रीकृत शिक्षाका क्षेत्रमा अनुसन्धान गर्न चाहने आगामी अनुसन्धानकर्ताहरूका लागि यो एउटा महत्त्वपूर्ण सन्दर्भ सामग्री हुनेछ ।

## साहित्यको पुनरावलोकन

### सैद्धान्तिक र अवधारणात्मक ढाँचा

यस अध्ययनलाई विकेन्द्रीकृत शिक्षा र शैक्षिक विकासको व्यावहारिक सिद्धान्तसँग जोडेर हेरिएको छ। विकेन्द्रीकरणको सिद्धान्तले स्थानीय तह बलियो र अधिकारसम्पन्न हुँदा शिक्षा बढी सान्दर्भिक हुन्छ भन्छ, तर यसका लागि प्रशासनिक र व्यवस्थापकीय क्षमता अपरिहार्य सर्त हो। स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध परिपूरक हुन्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) ले स्थानीय ज्ञान, सीप र प्रविधिलाई संरक्षण गर्न स्थानीय पाठ्यक्रम अपरिहार्य रहेको उल्लेख गरेको छ। तर, पुस्तक र सामग्रीविहीन कक्षाकोठाले पाठ्यक्रमको मूल मर्मलाई नै आघात पुर्‍याउने शिक्षाविद्हरूको तर्क रहँदै आएको छ ।

### राष्ट्रिय सन्दर्भमा स्थानीय पाठ्यक्रमका चुनौतीहरू

नेपालमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था र यसका चुनौतीबारे विभिन्न प्रतिवेदन तथा अनुसन्धानहरू भएका छन् ।

शर्मा (२०८०) का अनुसार नेपालका अधिकांश स्थानीय तहहरूमा राजनीतिक र प्रशासनिक चासोको कमी तथा प्राविधिक जनशक्तिको अभावका कारण स्थानीय पाठ्यक्रम बने पनि पाठ्यपुस्तक लेखन र छपाइ समयमै हुन नसक्दा यो विषय केवल औपचारिकतामा सीमित हुन पुगेको छ। शर्माले औंल्याए जस्तै नीति बन्नु तर सामग्री नबन्नुले विद्यालयमा अतिरिक्त आर्थिक र मानसिक भार थपिएको छ।

त्यसै गरी पौडेल र रेग्मी (२०८१) को अध्ययनले पाठ्यसामग्रीविहीन कक्षाकोठाले विद्यार्थीमा विषयवस्तुप्रतिको आकर्षण घटाउने र शिक्षक केन्द्रित परम्परागत रटान पद्धतिलाई नै प्रश्रय दिने पुष्टि गरेको छ। पाठ्यपुस्तक नहुँदा विद्यार्थीमा स्वाध्ययनको बानी हराउने, गृहकार्य र कक्षाकार्यको शृङ्खला टुट्ने र घरमा गएर विषयवस्तु दोहोर्‍याउने आधार समाप्त हुने उनीहरूको निष्कर्ष छ ।

पाठन (२०८१) ले स्थानीय तहहरूमा पर्याप्त शैक्षिक बजेट विनियोजन नहुँदा र शिक्षा शाखालाई प्रशासनिक काममा मात्र अल्झाउँदा पाठ्यपुस्तक उत्पादन दोस्रो प्राथमिकतामा पर्ने गरेको उल्लेख गरेका छन्।

**मंगलसेन र सुदूरपश्चिमको विशिष्ट भौगोलिक सन्दर्भ**

मंगलसेनको विशिष्ट भौगोलिक, ऐतिहासिक र सांस्कृतिक परिवेशमा 'हाम्रो मंगलसेन' को भौतिक पुस्तक नहुँदा, स्थानीय इतिहास (जस्तै ऐतिहासिक मंगलसेन दरबार, रहनसहन, भेषभुषाका सम्बन्ध), पर्यटन (जनाली झरना, जिम्राड़ी, मालिका मन्दिर, सुरैकोटको मार्ग) र स्थानीय देउडा संस्कृति जस्ता अमूर्त सम्पदालाई कक्षाकोठामा जीवन्त रूपमा बुझाउन शिक्षकहरूलाई कठीन भइरहेको पूर्ववर्ती प्रतिवेदनहरूले देखाउँछन्। लिखित सामग्रीको अभावमा शिक्षकहरूले आफ्नै बुझाइ वा सीमित संस्मरणका आधारमा मात्र अध्यापन गराउँदा पाठ्यक्रमको संवेगात्मक र संज्ञानात्मक उद्देश्य प्राप्त हुन नसकेको र यसले गर्दा स्थानीय विषयप्रतिको गरिमा घटेको देखिन्छ ।

## अनुसन्धान विधि

**अनुसन्धान ढाँचा**

यस अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै तथ्याङ्क संकलन र विश्लेषण गर्न मिश्रित अनुसन्धान ढाँचा प्रयोग गरिएको छ। यसले पाठ्यपुस्तक अभावको सांख्यिकीय असर (प्रभावको प्रतिशत) र उत्तरदाताहरूको व्यवहारिक भोगाइ (अनुभूति तथा अनुभव) दुवैलाई एकैसाथ गहिराइबाट उजागर गर्न मद्दत पुर्याउँछ ।

**जनसंख्या र नमूना छनोट**

मंगलसेन नगरपालिका अन्तर्गत सञ्चालित कुल ४९ वटा विद्यालयहरूलाई यस अनुसन्धानको कुल जनसंख्या मानिएको छ। भौगोलिक विकटता र सुगमता दुवैको प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक रूपमा उद्देश्यमूलक नमूना छनोट विधिद्वारा उत्तरदाताहरू छानिएका छन् । नमूनाको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छः

**तालिका १**

*नमूनाको विवरण*

| उत्तरदाताको वर्ग | छनोट व ध | नमूना संख्या |
|---|---|---|
| वद्यालय (प्रधानाध्यापक) | उद्देश्यमूलक र समानुपातिक | १५ वद्यालय |
| शिक्षक (स्थानीय वषय अध्यापन गराउने) | कार्यगत छनोट | ३० जना |
| वद्यार्थी (कक्षा ६-८) | तहगत प्रतिनि धत्व | ६० जना |
| शै क्षक अ धकारी (नगर शिक्षा शाखा/सरोकारवाला) | प्रमुख सूचनादाता | ४ जना |

**तथ्याङ्क संकलनका उपकरणहरू**

अनुसन्धानलाई विश्वसनीय बनाउन बहु-उपकरण विधिको प्रयोग गरिएको थियोः

**प्रश्नावलीः** शिक्षक र प्रधानाध्यापकहरूका लागि बन्द तथा खुल्ला प्रश्नहरू समावेश गरिएको प्रश्नावली तयार गरी वितरण गरियो ।

**गुणात्मक अन्तर्वार्ताः** नगरपालिकाका शिक्षा अधिकारी र नगर शिक्षा समितिका सदस्यहरूसँग पाठ्यपुस्तक निर्माणमा ढिलाइ हुनुका प्रशासनिक र आर्थिक कारणहरू खोतल्न अन्तर्वार्ता लिइयो ।

**समूह छलफलः** विद्यार्थीहरूको वास्तविक सिकाइ अवस्था, पुस्तक बिनाको मानसिक असर र कक्षाकोठाको वातावरण बुझ्न कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरू सम्मिलित ४ वटा छुट्टाछुट्टै समूह छलफल आयोजना गरियो ।

**तथ्याङ्क विश्लेषण विधि**

संकलित परिमाणात्मक तथ्याङ्कलाई सरल सांख्यिकीय उपकरणहरू (प्रतिशत, बारम्बारता र तालिका) मार्फत विश्लेषण गरिएको छ। गुणात्मक जानकारी, अन्तर्वार्ताका अंश र समूह छलफलबाट प्राप्त भनाइहरूलाई थिमेटिक विश्लेषण विधिद्वारा वर्गीकरण गरी विषयगत रूपमा व्याख्या गरिएको छ ।

## तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण

**पाठ्यपुस्तक उपलब्धताको वर्तमान अवस्था**

मंगलसेन नगरपालिकाका ४९ विद्यालयमा गरिएको सर्वेक्षण र स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार 'हाम्रो मंगलसेन' पाठ्यपुस्तकको भौतिक उपलब्धता शून्य प्रतिशत (०%) पाइयो। नगरपालिकाको शिक्षा शाखाले डिजिटल प्रति ( एमँ) वेबसाइटमा राखेको दाबी गरे तापनि अछामका ग्रामीण क्षेत्रका अधिकांश विद्यालयमा इन्टरनेटको अनियमिता, विद्युत कटौती र छपाइ मेसिन तथा बजेटको अभावका कारण उक्त

ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research (AMRJ)
Volume: 5 Issue: 1, Year 2026

डिजिटल प्रति कक्षाकोठा र विद्यार्थीको पहुँचसम्म पुग्न सकेको देखिँदैन। शतप्रतिशत (१००%) प्रधानाध्यापकहरूले बजेट निकासामा अलमल, प्रशासनिक प्रक्रियाको ढिलासुस्ती र मुद्रण कार्यलाई प्राथमिकता नदिनु नै पुस्तक समयमै नआउनुको मुख्य कारण रहेको औंल्याएका छन् ।

## सिकाइमा परेको प्रभावको सांख्यिकीय विश्लेषण

विद्यार्थी र शिक्षकको सिकाइ तथा शिक्षण प्रक्रियामा पाठ्यपुस्तक अभावले पारेको बहुआयामिक प्रभावलाई मापन गर्न तयार पारिएका सूचकहरूको सांख्यिकीय विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ:

### तालिका २

*पाठ्यपुस्तक अभावले सिकाइ र शिक्षणमा पारेको प्रभाव*

| क्र. सं. | सूचकहरू (Indicators) | पूर्ण सहमत (%) | आं शक सहमत (%) | असहमत (%) | कुल (%) |
|---|---|---|---|---|---|
| १. | वद्यार्थीमा वषयवस्तुप्रति अन्योल र अस्पष्टता बढेको छ | ८५% | १२% | ३% | १००% |
| २. | शक्षकहरू पूर्वतयारी बिना नै कक्षाकोठामा प्रवेश गर्छन् | ७०% | २२% | ८% | १००% |
| ३. | ल खत सामग्री बिना आन्तरिक मूल्याङ्कन र परीक्षा सञ्चालनमा सास्ती छ | ९०% | ८% | २% | १००% |
| ४. | पाठ्यपुस्तक नहुँदा वद्यार्थीको उपस्थिति दर घटेको छ | ३५% | ४५% | २०% | १००% |

तालिका २ को तथ्याङ्कलाई विश्लेषण गर्दा ८५ प्रतिशत उत्तरदाताहरू पुस्तक अभावका कारण विद्यार्थीमा स्थानीय विषयवस्तुप्रति गम्भीर अन्योल बढेको कुरामा पूर्ण सहमत छन्। पुस्तक नहुँदा विद्यार्थीलाई आफूले के पढिरहेको छु र परीक्षामा के लेख्ने भन्ने नै थाहा छैन। त्यसै गरी, ७० प्रतिशत शिक्षकहरू उपयुक्त सन्दर्भ सामग्री र पाठ्यपुस्तक नहुँदा दैनिक पाठ योजना र पूर्वतयारी बिना नै कक्षाकोठामा प्रवेश गर्ने गरेको स्वीकार गर्दछन्। सबैभन्दा संवेदनशील पक्ष, ९० प्रतिशत शिक्षक तथा प्रधानाध्यापकहरू लिखित सामग्री बिना आन्तरिक मूल्याङ्कन, त्रैमासिक परीक्षा र निरन्तर विद्यार्थी मूल्याङ्कन (ऋब्क) सञ्चालन गर्न अत्यधिक सास्ती भइरहेको कुरामा पूर्ण सहमत छन्। विद्यार्थीको उपस्थिति दर घटेको कुरामा पनि ३५ प्रतिशत पूर्ण सहमत र ४५ प्रतिशत आंशिक सहमत देखिन्छन्, जसले पुस्तक नहुँदा विद्यालयप्रति र विशेष गरी सो घण्टीप्रति बालबालिकाको आकर्षण घटेको स्पष्ट पार्दछ।

## गुणात्मक भोगाइ र स्थलगत प्राप्ति

विद्यार्थीहरूसँग गरिएको समूह छलफल र शिक्षकहरूको अन्तर्वार्ताबाट के स्पष्ट हुन्छ भने पाठ्यपुस्तकको अभावले कक्षाकोठाको वातावरणलाई निष्क्रिय बनाएको छ। विद्यार्थीहरू स्थानीय विषयको घण्टीलाई 'रमाइलो गर्ने' वा 'अन्य विषयको गृहकार्य गर्ने' समयका रूपमा लिने गर्दछन्। समूह छलफलका क्रममा मंगलसेनका एक सामुदायिक विद्यालयका शिक्षकले आफ्नो पीडा यसरी व्यक्त गरे:

> हामीसँग नगरपालिकाले पठाएको पाठ्यक्रमको खाका मात्र छ, तर कक्षामा गएर आज के लेखाउने र भोलि के पढ्न दिने भन्ने निश्चित छैन। विद्यार्थीहरू स्थानीय विषयको घण्टीमा गृहकार्य गर्ने, अन्य विषय पढ्ने वा चौरमा खेल्ने बहाना खोज्छन्। पुस्तक नहुँदा उनीहरूलाई यो पनि एउटा महत्त्वपूर्ण विषय हो भन्ने नै लाग्दैन। हामी शिक्षक पनि कति दिन अनुमान र आफ्नै भरमा मात्र कराइरहने?

यसले कक्षाकोठामा शिक्षक केन्द्रित परम्परागत रटान र शिक्षकको मनोगत व्याख्याले मात्र ठाउँ पाएको देखाउँछ, जुन पाठ्यक्रमको मर्म विपरीत हो।

## छलफल

तथ्याङ्कको गहन विश्लेषण, स्थापित साहित्य र सरोकारवालाहरूसँगको अन्तर्वार्तालाई तुलनात्मक रूपमा अध्ययन गर्दा मंगलसेन नगरपालिकामा पाठ्यपुस्तक निर्माणमा भएको ढिलाइले विद्यालयको समग्र शैक्षिक गुणस्तरमा गम्भीर विचलन ल्याएको छ। यसका मुख्य प्राप्ति र प्रभावहरूलाई तीन प्रमुख पक्षमा वर्गीकरण गरेर छलफल गर्न सकिन्छ:

**पाठ्यक्रम र पाठ्यपुस्तकबीचको गम्भीर खाडल:** पौडेल र रेग्मी (२०८१) को तर्क जस्तै सामग्रीविहीन कक्षाकोठाले पाठ्यक्रमलाई निष्प्राण बनाउँछ। मंगलसेनमा 'हाम्रो मंगलसेन' पाठ्यक्रम त बन्यो तर पुस्तक नहुँदा यो केवल एउटा कानुनी र प्रशासनिक दस्तावेजमा सीमित हुन पुग्यो। नीतिगत रूपमा

स्थानीय पाठ्यक्रम भनिए पनि व्यावहारिक रूपमा सिकाइ शून्यप्रायः देखिनु विकेन्द्रीकृत शिक्षाकै कमजोरी हो ।

**शिक्षकको कार्यबोझ, मनोवैज्ञानिक असर र निराशाः** अछामको भौगोलिक विकटता र प्रविधिको सीमित पहुँचका कारण शिक्षक आफैँले इन्टरनेट वा अन्य स्रोतबाट सामग्री खोजेर दैनिक पाठ योजना बनाउन सम्भव भइरहेको छैन। शर्मा (२०८०) ले भनेझैँ प्राविधिक र व्यवस्थापकीय दक्षताको कमीले गर्दा शिक्षकहरूमा चरम निराशा बढेको छ। उनीहरू बिना तयारी कक्षाकोठामा जाँदा शिक्षण शैली पुरातन र झन्झटिलो बन्न पुगेको छ ।

**मूल्याङ्कन र परीक्षा प्रणालीको अविश्वसनीयताः** लिखित सामग्री वा अभ्यास पुस्तिका नहुँदा त्रैमासिक र अर्धवार्षिक परीक्षाहरूमा सोधिने प्रश्नहरूको स्तर र विद्यार्थीको उत्तरको स्तरबीच ठूलो खाडल देखिएको छ। विद्यार्थीहरूले के आधारमा उत्तर लेख्ने भन्ने निश्चित नहुँदा समग्र अक्षरांकन (Grading) प्रणाली र मूल्याङ्कन प्रक्रिया नै अविश्वसनीय बन्दै गएको छ। यसले बालबालिकाको शैक्षिक जगलाई नै कमजोर बनाएको छ, जसको दीर्घकालीन असर माथिल्लो कक्षामा देखिने निश्चित छ ।

## निष्कर्ष

अछाम जिल्लाको मंगलसेन नगरपालिका अन्तर्गतका ४९ विद्यालयमा लागू गरिएको स्थानीय पाठ्यक्रम 'हाम्रो मंगलसेन' आफैँमा एक सकारात्मक, दूरगामी र स्वागतयोग्य कदम हो। यसले रैथाने ज्ञान र पहिचानलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। तर, यसको सफल कार्यान्वयनका लागि अनिवार्य सर्त मानिएको पाठ्यपुस्तक निर्माण, मुद्रण र वितरणमा भएको चरम ढिलाइले बालबालिकाको आधारभूत सिकाइ जगलाई नै कमजोर बनाएको छ ।

प्रशासनिक अलमल, बजेटरी प्राथमिकताको अभाव र शैक्षिक दूरदर्शिताको कमीका कारण शैक्षिक सत्रको ठूलो हिस्सा खेर गइरहेको छ, जसको प्रत्यक्ष मारमा स्थानीय बालबालिकाहरू परेका छन्। पाठ्यपुस्तक बिनाको पाठ्यक्रम मृत समान हुन्छ र यसले शैक्षिक सुशासनलाई गिज्याउँछ भन्ने कुरा मंगलसेनको वर्तमान शैक्षिक अवस्थाले पुष्टि गर्दछ। स्थानीय सरकारले नीति बनाउन जति तत्परता देखायो, सामग्री व्यवस्थापनमा त्यति नै उदासीनता देखाउँदा यो समस्या जटिल बन्न पुगेको हो।

## सुझावहरू

### कार्यान्वयन तहमा गरिनुपर्ने सुधारहरू

तत्काल छपाइ र आपत्कालीन वितरणः मंगलसेन नगरपालिकाले चालु शैक्षिक सत्रको बाँकी अवधिका लागि वा आगामी शैक्षिक सत्रको पहिलो हप्ताभित्रै अनिवार्य रूपमा "हाम्रो मंगलसेन" पाठ्यपुस्तक मुद्रण गरी ४९ वटै विद्यालयका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूको हातमा पुऱ्याउनुपर्छ। यसका लागि आवश्यक परे अन्य अनुत्पादक क्षेत्रको बजेट रकमान्तर गरेर भए पनि कोष सुनिश्चित गर्नुपर्छ।

**अन्तरिम शैक्षिक सामग्रीको व्यवस्थाः** भौतिक पुस्तक पूर्ण रूपमा तयार भई नसक्दासम्म शिक्षा शाखाले पाठ्यक्रममा आधारित विस्तृत शिक्षक निर्देशिका (त्भबअजभच'क न्ाष्मभ), नमूना पाठ योजना र मुख्य मुख्य पाठहरूको फोटोकपी वा डिजिटल प्रति (पेनड्राइभ मार्फत ऑफलाइन उपयोगका लागि) सबै विद्यालयका सम्बन्धित शिक्षकहरूलाई अनिवार्य रूपमा उपलब्ध गराउनुपर्छ ।

**शिक्षक पुनर्ताजगी तथा अभिमुखीकरण तालिमः** स्थानीय विषयवस्तु (जस्तै अछामको इतिहास, देउडा संस्कृति, मंगलसेन दरबार आदि) लाई कसरी प्रयोगात्मक, बहुसांस्कृतिक र रोचक ढंगले पढाउने भन्नेबारे ४९ वटै विद्यालयका स्थानीय विषय शिक्षकहरूका लागि तत्काल कार्यशाला तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनुपर्छ ।

### नीतिगत तहमा गरिनुपर्ने सुधारहरू

एकीकृत कार्यतालिकाको तर्जुमाः मंगलसेन नगरपालिकाको शिक्षा ऐन तथा नियमावलीमा संशोधन गरी "पाठ्यक्रम परिमार्जन र पाठ्यपुस्तक छपाइ/सामग्री उत्पादन समान्तर रूपमा गरिनेछ" भन्ने नीतिगत व्यवस्था गरिनुपर्छ, जसले गर्दा पाठ्यक्रम बन्ने तर पुस्तक नबन्ने अवस्था आगामी दिनमा दोहोरिने छैन।

स्थानीय शिक्षा बजेटको सुनिश्चितताः स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास, परिमार्जन तथा छपाइका लागि प्रत्येक वर्षको वार्षिक बजेटमा निश्चित प्रतिशत रकम 'शर्तसहितको शैक्षिक बजेट' का रूपमा छुट्याइनुपर्छ, जसलाई प्रशासनिक ढिलासुस्ती वा राजनीतिक उतारचढावले रोक्न नसकोस्।

अनुगमन र मूल्याङ्कन संयन्त्रः नगर शिक्षा समितिको मातहतमा रहने गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन अनुगमन कार्यदल गठन गरिनुपर्छ। यस कार्यदलले ४९ वटै विद्यालयमा स्थानीय विषयको पठनपाठन, परीक्षाको स्तर र विद्यार्थीको सिकाइ उपलब्धिको त्रैमासिक रूपमा अनुगमन गरी प्रतिवेदन बुझाउने नीति बनाइनुपर्छ ।

### अनुसन्धान तहका लागि सुझावहरू

तुलनात्मक प्रभाव मूल्याङ्कन अध्ययनः पाठ्यपुस्तक वितरण भइसकेपछि, सामग्रीको उपलब्धताले विद्यार्थीको

ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research (AMRJ)
Volume: 5 Issue: 1, Year 2026

सिकाइ उपलब्धिमा कस्तो सुधार ल्यायो भनी पुस्तक अघि र पुस्तक पछिको तुलनात्मक अध्ययन गर्न आगामी शैक्षिक सत्रहरूमा अर्को विस्तृत अनुसन्धान गरिनु आवश्यक छ ।

सामग्रीको तहगत सान्दर्भिकतामाथि अनुसन्धानः "हाम्रो मंगलसेन" पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरू बालबालिकाको उमेर, कक्षागत तह र मनोवैज्ञानिक स्तर अनुरूप छन् कि छैनन् भन्नेबारे कार्यमूलक अनुसन्धान गराइनुपर्छ ।

बहु-सांस्कृतिक र समावेशी पक्षको अध्ययनः मंगलसेन नगरपालिका भित्रका सीमान्तकृत, दलित, अपाङ्गता भएका बालबालिका र विभिन्न समुदायका रैथाने ज्ञानलाई यस पाठ्यक्रमले कत्तिको न्यायोचित र समावेशी रूपमा समेटेको छ भन्ने विषयमा केन्द्रित रहेर थप समाजशास्त्रीय अनुसन्धान गर्न मार्गप्रशस्त गरिनुपर्छ ।

## सन्दर्भ सामग्री

मंगलसेन नगरपालिका (२०८१), *स्थानीय पाठ्यक्रमः हाम्रो मंगलसेन (कक्षा १-८),* अछामः शिक्षा, युवा तथा खेलकुद शाखा ।

*नेपालको संविधान* (२०७२), काठमाडौँः कानून किताब व्यवस्था समिति ।

पाठन, ए. के. (२०८१), स्थानीय तह र शैक्षिक अधिकारको प्रयोग, *शिक्षा विमर्श, ५ (२),* ४५-५८।

पौडेल, के. पी., र रेग्मी, एस. (२०८१), स्थानीय पाठ्यक्रम कार्यान्वयनका चुनौतीहरू, *शिक्षा विज्ञान जर्नल, ४,* २५-३८ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप. (२०७६). सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, बी. आर. (२०८०). *नेपालमा स्थानीय तह र शैक्षिक सुशासन. काठमाडौँः* विद्यार्थी प्रकाशन ।